प्रतिनिधि सभा सदस्य

## माननीय बिराजभक्त श्रेष्ठको

# वार्षिक कार्यप्रगति प्रतिवेदन (२०७९/०८०)

संघीय संसदमा पहिलो वर्ष




वातावरण, सम्पदा संरक्षण र एकता

प्रकाशक

**मा. बिराजभक्त श्रेष्ठको सचिवालय**

का.म.पा.-१३, ताहाचल, काठमाडौं



| | | |
|---|---|---|
| प्रधान सम्पादक | - | चिरञ्जीवी खनाल |
| सह-सम्पादक | - | प्रदिप ज्ञवाली |
| सूचना प्रविधि/आवरण | - | अंशु किरण शाही<br>कृतीमान सिंह |
| प्रकाशन सहयोगी | - | गोमेश सिंह उप्रेती<br>प्रतीक क्षेत्री<br>सुस्मिता अधिकारी<br>सस्मित पोखरेल |
| व्यवस्थापक | - | रबिन्द्रमान जोशी<br>लक्ष्मण शर्मा न्यौपाने<br>विनोदराज भण्डारी<br>प्रज्वल सापकोटा |


प्रकाशक

मानननीय बिराजभक्त श्रेष्ठको सचिवालय

# सम्पादकीय

नेपालमा पहिलो पटक संविधानसभा मार्फत जारी भएको नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य लिएको छ (प्रस्तावना) ।

यस अतिरिक्त प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणालीको अवलम्बन गर्दै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध समृद्ध राष्ट्र निर्माणको अभिष्ट पूरा गर्नको लागि नेपाली जनतालाई देशको सार्वभौमसत्ता र राजकीय सत्ताको मौलिक स्रोतको रूपमा स्वीकार गरेको छ (धारा २) ।

नेपाली जनतामा निहित यस प्रकारको सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग आवधिक निर्वाचनको माध्यमबाट छानिएका जनप्रतिनिधिमूलक व्यवस्थापिका (संसद)ले गर्ने र संसदले आफ्नो अधिकारको प्रयोग गर्दा नेपालको आफ्नो स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधिनता, स्वाभिमान, नेपालको हक हितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि जस्ता राष्ट्रिय हितका आधारभूत विषयहरूलाई सर्वोपरी मानेर कार्यसम्पादन गर्नुपर्ने कुरा मूल कानूनको रूपमा रहेको संविधानमा नै स्पष्ट उल्लेख भएको छ (धारा ५) ।

यसर्थमा कानून निर्माण र राज्य सञ्चालन संप्रभूताको एउटा महत्वपूर्ण एजेन्सीको रूपमा रहेको सांसद संकीर्ण अर्थमा आफ्नो निर्वाचनक्षेत्र र मतदाताहरूप्रति अनि विस्तारित रूपमा देश र जनताप्रति जिम्मेवार रहनु पर्ने भएकोले जनप्रतिनिधिको रूपमा संविधान र कानून अन्तर्गतको सीमाभित्र रहेर उसले असिमित भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । अनि यस प्रकारको भूमिका निर्वाहको मूल्यांकन पनि उनै जनता जनार्दनबाटै हुने व्यवस्थाको अवलम्बन गरिएको छ ।

यीनै एजेन्सीहरू मध्येका एक पात्र माननीय बिराजभक्त श्रेष्ठ संघीय संविधान लागू भएपछिको दोस्रो आम निर्वाचनमा काठमाडौं जिल्लाको क्षेत्र नं ८ बाट निर्वाचित भई आफ्नो कार्यकालको पहिलो वर्षको समापन तिर आइपुग्दा निजले आफ्नो कार्यसम्पादनको विवरण जनता समक्ष प्रस्तुत गर्ने जिम्मेवारी र दायित्वको बोधगर्नु स्वयंमा सराहनीय एवं अनुकरणीय रहेको छ ।

एउटा जनप्रतिनिधिको हैसियतमा निज सांसदले खेल्नसक्ने असिमित एवं विराट भूमिकामा आगामी वर्ष झन् उल्लेख्य सफलता मिलोस् । नाम, थर जस्तै शासकीय कार्यसम्पादनमा "सुशासनभक्त" र सामाजिक प्राणिमा "श्रेष्ठतम्" बनेर अघि बढीरहन मार्ग प्रसस्त होस् ।

शुभकामना ।

**चिरञ्जीवी खनाल**
कानूनी सल्लाहकार
(पूर्व सचिव, नेपाल सरकार)

# विषयसूची


| | |
|---|---|
| शुभकामना | ५ |
| सद्भाव-पत्र | ७ |
| कृतज्ञता | ८ |
| मैले चिनेको माननीय | ९ |
| प्रेरणाको ज्योति | १० |
| सचिवालय अनुभव | ११ |
| आफ्नो भन्नु | १२ |
| प्रतिवेदनको सारांश | १३ |
| पृष्ठभूमि | १४ |
| सदनमा उठाएका विषय | १५ |
| अर्थ समितिमा उठाएका विषय | १८ |
| विधेयक संशोधनको प्रस्ताव | १९ |
| संकल्प प्रस्ताव | २० |
| सञ्चार माध्यममा सहभागिता | २१ |
| पार्टीगत गतिविधि | २२ |
| निर्वाचन क्षेत्रगत गतिविधि | २३ |
| छलफल अन्तर्क्रिया तथा सहभागी कार्यक्रम | २४ |
| विविध कार्यक्रम/गतिविधिका झलकहरू | २५ |
| अन्त्यमा | ३३ |
| **अनुसूचीहरू** | |
| संसदमा | ३४ |
| क्षेत्र नं. ८ को जनसांख्यिक विवरण | ३५ |
| सल्लाहकार, विभागीय प्रमुख, प्रशिक्षार्थी | ३६ |
| माननीयज्यूसँग सामाजिक सञ्जालमा जोडिन | ३७ |
| प्रतिवेदनमा पहुँच | ३८ |
| सचिवालयका सम्पर्क व्यक्तिहरू | ३९ |

देवराज घिमिरे
सभामुख

संघीय संसद
# प्रतिनिधि सभा

फोन ०१–४२००१५९/४२००१३७
सिंहदरबार, काठमाडौं, नेपाल

## शुभकामना

प्रतिनिधि सभाका माननीय सदस्य बिराजभक्त श्रेष्ठले आफू निर्वाचित भएपछिका एक वर्षका गतिविधिसहितको प्रतिवेदन प्रकाशन गर्ने खबरले खुसी तुल्याएको छु । प्रतिवेदनले मतदातालाई सुसुचित गर्न र संसदीय अभिलेख सुरक्षित गर्न मद्दत मिल्ने विश्वास समेत लिएको छु ।

कानून तथा नीति बनाउने उपल्लो थलो संसदमा सांसदहरूको मुख्य भूमिका कानून बनाउनु नै हो । तर, नेपालको सामाजिक बनोट र अभ्यास भने केही फरक छ । निर्वाचनका दौरानमा प्रायःजसो उम्मेद्वारले विकास निर्माणको समेत नेतृत्व गर्ने प्रतिबद्धता जनाउने गरेका हुन्छन् । तसर्थ, जनप्रतिनिधि कानून निर्मातासँगै विकासका संवाहक र नेतृत्वकर्ता पनि हुन् ।

संसद जनताको आवाज मुखरित गर्ने थलो हो । प्रतिनिधि सभाको सभामुखकोरूपमा म काठमाडौं क्षेत्र नम्बर ८ बाट निर्वाचित माननीय बिराजभक्त श्रेष्ठको संसदीय गतिविधि र कार्यहरूबारे जानकार नै छु । निर्वाचन क्षेत्रका मुद्दा र समसामयिक विषयमा उहाँले सदनमा सशक्तरूपमा आवाज उठाइरहनुभएको छ । आगामी दिनमा पनि उहाँको संसदीय क्रियाकलापमा थप सक्रियता वृद्धि हुने अपेक्षा लिएको छु ।

संसदीय गतिविधिको अभिलेख राख्दै पारदर्शीरूपमा आफ्ना मतदातासमक्ष पुऱ्याउने माननीय सदस्यको सोच सकारात्मक छ । हरेक जनप्रतिनिधिले मतदाताप्रति जवाफदेही र उत्तरदायी हुनैपर्दछ । प्रतिवेदन प्रकाशनले आफूलाई पारदर्शी बनाउने र विगतको कार्यको समीक्षा गर्दै आगामी दिनमा अझ प्रभावकारी कार्यसम्पादनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

२० पुस, २०८०

देवराज घिमिरे

इन्दिरा राना
उपसभामुख

संघीय संसद
प्रतिनिधि सभा

फोन : ०१-४२००२२७
सिंहदरबार, काठमाडौं, नेपाल

## शुभकामना

प्रतिनिधि सभा सदस्य मा. विराज भक्त श्रेष्ठले एक वर्षको अवधिमा आफ्नो निर्वाचन क्षेत्रमा गरेका गतिविधि, कार्यक्रम र कामहरुलाई समेटेर प्रतिवेदन प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई निकै खुसी लागेको छ।

मतदाताप्रति जनप्रतिनिधि जवाफदेही र उत्तरदायी रहनुपर्दछ भन्ने यथार्थलाई व्यवहारमा उतार्ने विराज भक्तजीको यो कार्य निकै प्रशंसनीय छ। यसरी नै हरेक जनप्रतिनिधिले आफ्नो निर्वाचन क्षेत्र, मतदाता र आम नागरिकका लागि के गरें भन्ने प्रतिवेदन सार्वजनिक गर्न जरुरी छ। मतदाताले आफूले निर्वाचित गरी पठाएका जनप्रतिनिधिलाई तपाईले के गर्नुभयो भनी निरन्तर प्रश्न सोध्नु पर्दछ। यस्ता कार्यले जनप्रतिनिधिले नागरिक बिर्सिने र जनताले जनप्रतिनिधिलाई विशिष्ट सम्झिने परम्परा कम भई लोकतन्त्र सुदृढ गर्न सहयोग पुऱ्याउँछ।

संसदीय अभ्यास र कानुन निर्माणमा सधैं सक्रिय भई विधेयकमा गम्भीर छलफल, बहस र आवश्यकता अनुसार संशोधन गर्ने उहाँ आफ्नो निर्वाचन क्षेत्रका समस्या पनि संसद बैठकमा नियमित उठाइरहनुभएको मैले पाएको छु। पार्टीको संसदीय दलको उपनेतासमेत रहनुभएका उहाँ पार्टीले संसदमा उठाउनु पर्ने विषयका साथै समग्र संसदको भूमिकामा सांसदहरुको जिम्मेवारी र कर्तव्यप्रति सदैव सचेत रहनुभएको देखिन्छ।

संसद सदैव खुला र पारदर्शी क्षेत्र हो। एउटा सांसदले १ वर्षमा संसदमा के गर्छ? आफ्नो निर्वाचन क्षेत्रमा के के काम गर्न सक्छ ? मतदाता (नागरिक) का लागि के गर्न सक्दो रहेछ भन्ने यस्ता प्रतिवेदनहरुबाट थाहा पाउन थप मद्धत हुने गर्दछ। विराजजीले आफ्नो निर्वाचन क्षेत्रमा वर्ष दिनमा आफूले गरेका कामहरुलाई लिपिबद्ध गरी प्रतिवेदनमा सार्वजनिक गर्दा पारदर्शीता, सुशासन र जवाफदेहिताको अभ्यासमा सहयोग पुग्ने मैले विश्वास लिएको छु। साथै उहाँले प्रतिवेदन सार्वजनिक गरेर हामी सबैलाई थप जिम्मेवार बन्न सन्देश दिएको रुपमा मैले लिएको छु । अन्त्यमा प्रतिवेदन प्रकाशनका लागि विराज भक्तजीलाई धन्यवाद व्यक्त गर्दै सफलताको शुभकामना व्यक्त गर्दछु।

१२ पुस, २०८०

इन्दिरा राना

रवि लामिछाने
सदस्य - प्रतिनिधिसभा, संघीय संसद
नेता, संसदीय दल, राष्ट्रिय स्वतन्त्र पार्टी
संसदीय समिति: राज्य व्यवस्था तथा सुशासन समिति

RABI LAMICHHANE
Member - House of Representatives, Federal Parliament
Leader, Parliamentary Party, National Independent Party
Parliamentary Committee: State Affairs and Good Governance

प.सं.:

च.नं./Ref:

मितिः २०८०।०९।१५

माननीय विराजभक्त श्रेष्ठ,
सदस्य, संघीय संसद (प्रतिनिधिसभा)
काठमाडौं, क्षेत्र नम्बर-८ ।

## सद्भाव-पत्र

प्रथमतः परिवर्तनको लहर आत्मसाथ गर्दै मनको विश्वासलाई मतमा रुपान्तरण गरी राष्ट्रिय स्वतन्त्र पार्टीको उम्मेदवारका रुपमा यहाँलाई प्रतिनिधिसभा सदस्य निर्वाचित गराउनुहुने काठमाडौं-८ का मतदाताप्रति आभारसहित अगाध सम्मान व्यक्त गर्दछु । नागरिकका आवाज मुखरित गर्दै जनआकांक्षा सम्बोधनमा मात्र होइन राजनीतिको विकृत शैली र संस्कार रुपान्तरणमा समेत सकारात्मक पहलकदमी हुने विश्वासका साथ मतदाताले सुम्पिएको जिम्मेवारीमा यहाँ सदा—सर्वदा इमान्दार हुनुहुन्छ भन्ने विश्वास राखेको छु ।

बाग्मती प्रदेशसभाको सदस्य रहिसकेका कारण जनप्रतिनिधि सधैं जनलेखापरीक्षणमा हुन्छन् भन्ने सत्य यहाँले गहिरो गरी बोध गर्नुभएकै छ। प्रतिनिधि र प्रदेशसभाका सदस्यलाई कानून निर्माताका रुपमाभन्दा विकास-निर्माणका अगुवा, सरकारी बजेटको परिचालक र जनगुनासो सम्बोधक ठानिने भएकाले यि सबै जिम्मेवारी निर्वाह गर्न कठिन त छ । तर, इमान्दार प्रयास भने गरिरहनुपर्छ भन्ने अनुभव तपाईंलाई प्रदेशसभाको अघिल्लो कार्यकालले दिएकै छ। त्यसैले, प्रतिनिधिसभा सदस्यको यो कार्यकाल व्यक्तिगत रुपमा सफल र नागरिकका दृष्टिमा ऐतिहासिक बनाउन यहाँबाट रचनात्मक योगदान हुने नै छ भन्ने अपेक्षा राखेको छु ।

सांसद भएर एक वर्षभित्र गरेका कामको विवरण प्रतिवेदनका रुपमा मतदाताबीच पुऱ्याउने विगतको अभ्यासलाई निरन्तरता दिनु भएकोमा असाध्यै खुसी छु । यसले एकातिर आफ्नो जनप्रतिनिधिको सच्चा मूल्यांकन गर्न नागरिकलाई सहज बनाउने छ भने अर्कातिर जनप्रतिनिधिका काम दस्तावेजीकरण हुँदा आउँदो पुस्तालाई मार्गनिर्देश पनि हुनेछ । तसर्थ, मतदाताबीच विभिन्न माध्यमबाट अधिक पुग्न अपनाउनु भएको पृथक प्रयास सार्थक होस् र त्यसको पृष्ठपोषणले यहाँका आउँदा सत्कर्म थप जनमैत्री र परिणाममुखी बनुन् भन्ने सद्भाव व्यक्त गर्दछु ।

धन्यवाद ।

....................
**रवि लामिछाने**
सभापति/संसदीय दलको नेता

सिंहदरबार, काठमाडौं
+977 9851360555
mp.rabilamichhane@parliament.gov.np



# कृतज्ञता

समाजलाई परिवर्तनमुखी बनाउने भनेर विभिन्न पार्टी दलहरूका सोच रहेका छन् । वास्तवमै समाजलाई परिवर्तन गर्ने भनेको युवाहरूको सक्रियता नविनता र सवलताले हुन्छ भन्ने मलाई लाग्दछ । आर्थिक सामाजिक र राजनीतिक अन्य रूपमा परिवर्तन भइरह्यो । तर समाज विकासका लागि आवश्यक अनुसारको योजना बनाउन नसकेको हो भन्ने तथ्य अहिलेको देशको अवस्थाले दर्शाउँछ ।हामीहरूले यस्तो अवस्थालाई हटाउन काठमाडौँ निर्वाचन क्षेत्र नम्बर ८ मा बिराजभक्त श्रेष्ठलाई निर्वाचनको प्रक्रियामा अगाडि बढायौँ । परिमाण स्वरूप काठमाडौँ निर्वाचन क्षेत्र नम्बर ८ मा राष्ट्रिय स्वतन्त्र पार्टी "घन्टी" चिन्हको उम्मेदवारले विजय हासिल गर्नुभयो। हामी माननीय बिराजभक्त श्रेष्ठज्यूलाई विश्वास गरेर निर्वाचित गर्नुभएकोमा सम्पूर्ण मतदाता शुभेच्छुक र सम्पूर्ण सहयोगी मित्रहरूमा कृतज्ञता व्यक्त गर्दछौँ ।

कामको सिलसिलामा माननीय बिराजभक्त श्रेष्ठनिर्वाचित भएको कति चाँडो एक वर्ष पार भइसकेको पत्तो नै भएन । हाम्रो काम अभियान र सक्रियता निरन्तर जारी छ। देश र समाजको विकासका लागि आवश्यक नीति निर्माण गर्न सक्रिय छौं । यस कार्यलाई सहज र सहयोग गर्नुहुने सम्पूर्ण शुभेच्छुक मित्रहरूलाई धन्यवाद ज्ञापन गर्दै कृतज्ञता व्यक्त गर्दछु ।

**सुदन मानन्धर**
प्रमुख
काठमाडौं क्षेत्र नं. ८ प्रतिनिधि समन्वय समिति



# मैले चिनेको माननीय...

२०७९ सालमा भएको निर्वाचनबाट बिराजभक्त श्रेष्ठ काठमाडौं निर्वाचन क्षेत्र नं. ८ बाट निर्वाचित भईसकेपछि यस क्षेत्रको विकास, शिक्षा, स्वास्थ्य, रोजगार र आर्थिक सम्बन्धी योजना बनाई कामकाज गर्नका लागि उहाँ अगाडि बढ्नु भयो । माननीय बिराजभक्त श्रेष्ठले यस क्षेत्रमा कामकाज गर्न सहज, सरल र सवल बनाउन तथा स्थानीय जनताहरूसँग प्रत्यक्ष भेटघाट बनाई राख्नका लागि काठमाडौं क्षेत्र नं. ८ प्रतिनिधि समन्वय समिति गठन गरियो । सर्वप्रथम भेटमा नै उहाँले मलाई काठमाडौं क्षेत्र नं. ८ प्रदेश "ख" बाट सहप्रमुखको जिम्मेवारी दिनु भयो । यस समितिमा उहाँले प्रमुखमा श्री सुदन मानन्धर र काठमाडौं क्षेत्र नं. ८ प्रदेश "क" बाट सहप्रमुखमा श्री मिरा महर्जनलाई जिम्मेवारी दिनुभयो । उक्त पहिलो बैठकमा नै यस क्षेत्रको हितका लागि अवधारणा तयार गर्ने जिम्मेवारी उहाँले मलाई दिने निर्णय गर्नुभयो र उक्त निर्णय अनुसार १५ दिनभित्र काठमाडौं क्षेत्र नं. ८ प्रतिनिधि समन्वय समितिको सांगठनिक रेखा सहित अवधारणा तयार गरी बैठकमा पेश गरें । काठमाडौं क्षेत्र नं. ८ को भूगोललाई मध्ये नजर गरी प्रदेश क तथा ख, वडाहरू र टोलहरूलाई समेटेर सांगठनिक स्वरूप तयार गरें । समितिको अवधारणालाई अझ शसक्त, जुझारू र सक्रिय बनाउन श्री चिरञ्जीवी खनालज्यूको सक्रियतामा कार्य विधि तथा नीति तयार हुँदै छ ।

यस समितिका जिम्मेवारी लिई सकेपछि मैले पनि धेरै सिक्ने अवसर पाए । अनुभवी दिग्गज व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाटबाट नेपाल तथा विश्वका देशहरूको संविधानबारे जानकारी एवम् अध्ययन गर्न पाएको छु । देशको राजनीतिक अवस्थाबारे थाहा पाउँदै छु । राष्ट्रको आर्थिक नीतिबारे बुझ्दै छु । शिक्षा, स्वास्थ्य र रोजगारी सम्बन्धी आवश्यक योजनाहरूबारे थाहा पाउने अवसर मिल्दै छ । पौराणिक एवम् पुरातात्विक सम्पदाहरू, संस्कृति, गुठी, भेषभुषा, मूर्तअमूर्त सम्पदा र भाषा तथा देशको इतिहास सम्बन्धी ज्ञान पाउँदै छु । हाम्रो देशको प्रतिनिधि सभामा राज्य र देशको लागि विधिको शासन, नीतिगत कामकाज र सुशासन व्यवस्थाबारे नीतिगत योजनाहरू कसरी तयार गर्ने ?, कस्तो अध्ययन गर्ने ? र कुनकुन विषय वस्तुहरूसँग जोड्ने ? बारे माननीय बिराजभक्त श्रेष्ठबाट जान्न र सिक्न पाएको छु ।

काठमाडौं क्षेत्र नं. ८ को लागि माननीय बिराजभक्त श्रेष्ठले हरेक क्षेत्रमा चिन्तन गर्नु हुन्छ । अरू पहिलेका माननीयज्यूहरू भन्दा भिन्नै सोच, विचार र स्वभाव भएका माननीय पाएको छु । युवा भएर हो कि, नवयुगको धार भएर हो कि, नयाँ विचारको व्यक्ति भएर हो कि अलि पृथक, सक्रिय, नयाँ आयामीको सोच, विचार र स्वभावको व्यक्तित्व भएको हाम्रो माननीय बिराजभक्त श्रेष्ठ पाएको छु । स्पष्ट विचार र दुरदर्शनको व्यवहार उहाँमा रहेको छ । राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा सुधारमुख हुनु पर्छ भन्ने उहाँको सोचमात्र नभई काममा तलिन हुनु हुन्छ । उहाँ जस्तो हामीहरूलाई अभिभावक पाउनु भनेको हाम्रो लागि गौरवको विषय हो ।

**राजा शाक्य**
सह प्रमुख
काठमाडौं क्षेत्र नं. ८ प्रतिनिधि समन्वय समिति

# प्रेरणाको ज्योति...



काठमाडौं क्षेत्र नम्बर ८ बाट निर्वाचित माननीय बिराजभक्त श्रेष्ठ अहिलेको पिढीको प्रभावशाली तथा दूरदर्शी नेताको रूपमा लिएको छु । हाम्रो जीवनमा कहिलेकाहीँ उल्लेखनीय व्यक्तित्वहरूसँगको भेटले अक्सर हाम्रो यात्रालाई आकार दिन्छ, बिराजभक्त श्रेष्ठसँगको भेटको प्रसङ्ग यस्तै छ । यो अनौठो साथले समयको परीक्षामा मात्र नभई, प्रेरणाको ज्योति पनि बनेको छ किनकि उहाँको नेतृत्वले एउटा नेताबाट अपेक्षा गरिएको उत्कृष्ट गुणहरूलाई मूर्त रूपमा दर्शाउँछ ।

एक समय प्रशासनिक, सामाजिक र राजनीतिक रूपान्तरणका केन्द्र काठमाडौं उपत्यका जीवन्त सांस्कृतिक स्थानको महत्व बेग्लै छ, यही सुन्दर सांस्कृतिक पहिचान र अन्यायहरू विरूद्धमा सँगै दृढ भइ उभियौं, साझा विश्वासको आधारमा हामीहरू साझा अनुभवहरूको इतिहासमा प्रतिबद्धता कोर्दै सहकार्यात्मक प्रयास थाल्यौँ । ऐतिहासिक गुठी विधेयक २०७५ को आन्दोलन देखि वंघ इन्द्रचोक पूर्ण निर्माण सम्म हामी अभियानहरू र सहकार्यले उहाँको नेतृत्व शैलीलाई अझै नजिकबाट नियाल्ने अवसर प्रदान गर्‍यो । उहाँको सहयोगी भावना र हाम्रो उद्देश्य एउटै भएकोले उहाँको सचिवालयको प्रतिनिधित्व गर्दै प्रतिनिधि समन्वय समिति "क" बाट सहसयोजकको भूमिका निर्वाह गर्दै जनताको सेवामा समर्पित भएका छौं । स्वास्थ्य शिक्षा खेलकुद र रोजगारीमा पनि उहाँको बहुआयामिक चासोले सामाजिक कल्याणका लागि गहिरो प्रतिबद्ध नेतालाई दर्शाउँछ । प्रदेश सभामा आफ्नो प्रारम्भिक दिनहरूमा पनि उहाँले आफ्नो बुलन्द आवाज उठाउनु भयो, दृढ र बलियो व्यक्तित्व देखाउनु भयो । संस्कृति सम्पदाको संरक्षण र समाजिक कारणहरूको प्रवर्द्धन गर्नको लागि उहाँको समर्पणले राजनीतिक कुशलता एवम् जनताको हितको लागि आवाज बनेका निष्ठावान् नेताको चित्रण गर्दछ ।

अन्त्यमा, माननीय बिराजभक्त श्रेष्ठसँगको यात्रा परिवर्तनकारी र गहिरो रह्यो । उहाँको नेतृत्वले एक कुशल नेतामा हुनुपर्ने अत्यावश्यक गुणहरूलाई मूर्तरूप दिन्छ, एकता र उद्देश्यको भावनालाई बढुवा दिन्छ। यहाँलाई आफ्नो "वार्षिक प्रतिवेदन" सहित आफ्नो प्रयास जारी राख्दै निरन्तर सफलताको कामना गर्दै दूरदर्शी नेतृत्वको सकारात्मक प्रभावका लागि हार्दिक शुभकामाना व्यक्त गर्दछु ।

**मीरा महर्जन**
सह प्रमुख
काठमाडौं क्षेत्र नं. ८ प्रतिनिधि समन्वय समिति

# सचिवालय अनुभव



मैले विगत लामो समयदेखि माननीय बिराजभक्त श्रेष्ठज्यूसँग काम गर्दै आई रहेको छु जसले गर्दा म भित्र भएको क्षमता थप प्रस्फुटित हुन पाएको छ ।

बागमती प्रदेश सभाको सदस्य हुँदाको बखत देखिनै उहाँसँग निकट हुँदै काम गर्ने सुअवसर प्राप्त गरे र यसबाट सानै उमेरमा सांसद र सदनको कार्यप्रकृतिलाई मैले नजिकबाट जान्ने र बुझ्ने मौका पाएँ ।

यसैक्रममा २०७९ सालमा प्रतिनिधि सभा सदस्यका लागि भएको निर्वाचनमा उहाँलाई काठमाडौं क्षेत्र न. ८ का आम मतदाताहरूले भारी मतसहित निर्वाचित गराए सँगै मेरो समेत जिम्मेवारी थपियो । सदन, सरकार र आम नागरिकहरूबीच सम्बन्ध र समन्वय गर्ने माध्यमको रूपमा मेरो भूमिका थप हुन पुग्यो ।

माननीय बिराजभक्त श्रेष्ठले मेरो नेतृत्व क्षमतासँगै व्यवस्थापकीय क्षमतालाई हेरेर मलाई आफ्नो निजी सचिवमा नियुक्त गर्नुभयो । उहाँले आफ्नो सचिवालयको सुव्यवस्थित कार्यसञ्चालनमा सहजीकरणका लागि मलाई नियुक्ती दिनु भएपश्चात् हाल सचिवालय प्रमुखको रूपमा कार्यरत रहँदै आएको छु ।

सांसद् आफू सफल र सार्थक जनप्रतिनिधिको रूपमा स्थापित हुनका लागि सचिवालयको भूमिका चुस्त दुरूस्त हुनुपर्ने र यसका लागि मेरो नेतृत्वमा सचिवालयले माननीय बिराजभक्त श्रेष्ठलाई अत्याधिक सफल सांसदको रूपमा पहिचान दिलाउन सचिवालय अहोरात्र लागि परेको कुरा यहाँहरूमा निवेदन गर्दछु ।

**प्रदिप झवाली**
स्वकीय सचिव

# आफ्नो भन्नु...

मलाई यस प्रतिवेदन प्रस्तुत गर्न अवसर जुराई दिनुहुने मेरो निर्वाचन क्षेत्र काठमाडौँ-८ का सम्पूर्ण मतदाता आमा-बुबा, दिदीबहिनी, दाजुभाई तथा शुभेच्छुक-साथिहरूमा हार्दिक आभार व्यक्त गर्दछु । तपाईहरूको माया, साथ र विश्वासले गर्दा नै म आज नेपालको एक जनप्रतिनिधिको रूपमा देश, समाज र जनताको हितमा निरन्तर अग्रसर हुन पाएको छु । त्यसैगरी मलाई राजनीतिक रूपमा साथ दिनुहुने राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्व र सम्पूर्ण पार्टी पङ्क्तिप्रति पनि कृतज्ञ छु ।

नेपालमा २०७२ साल आसपास प्रारम्भ भएको सुसंस्कृत तथा वैकल्पिक राजनीतिको परिवेश र प्रयासहरू देखि वर्तमान अवस्थासम्मका आरोह-अवरोहहरू मैले गहिरोसँग अनुभूत गरिरहेको छु। यस प्रयासमा, म हाम्रा मार्गदर्शक स्वर्गीय उज्ज्वल थापालाई मनैदेखि सम्झिन चाहन्छु । नेपालको पछिल्लो परिवर्तनसँगै वैकल्पिक राजनीतिको जग बसाली नेतृत्व गर्नु भएको उज्ज्वल थापाले आफ्नो जीवनकालको छोटो समयमा नै जुन मूल्य-मान्यताको मानक स्थापित गर्ने प्रयत्न गर्नुभयो र हामीलाई जुन सुसंस्कृत राजनीतिको अभ्यास सिकाउनु भयो त्यो अमूल्य मार्गदर्शनलाई म सदैव पालना गर्ने प्रण गर्दछु ।

उन्नत सहभागितामूलक लोकतन्त्रको लागि नागरिकहरूप्रति जवाफदेहिता र सार्वजनिक उत्तरदायित्व जरूरी हुन्छ। संविधान-सभाबाट संविधान घोषणा भएपछि बनेको पहिलो बागमती प्रदेश-सभामा सहभागी हुँदा पनि हामीले वार्षिक रूपमा प्रदेश-सभामा गरेका काम-कारवाहीहरू समेटेर पारदर्शीताको अभ्यास गरेका थियौं । त्यही प्रयासलाई प्रतिनिधिसभाको सदस्यको रूपमा पनि निरन्तरता दिन पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ।

लोकतन्त्रमा आवाधिक निर्वाचन मार्फत नागरिकहरूले खसालेको प्रत्येक मत अत्यन्तै महत्वपूर्ण हुन्छ । हामी जनप्रतिनिधिको लागि मत केवल एक आवाज मात्र नभएर एउटा पवित्र विश्वास पनि हो, जसले हामीलाई हाम्रा नागरिकहरूप्रति थप जिम्मेवार र दायित्वबोध गराउँछ । आज अत्यन्त गर्व र कर्तव्यको गहिरो भावनाका साथ, प्रतिनिधि सभाको सदस्यको रूपमा यस कार्यकालको पहिलो वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं । हाम्रो यो सानो प्रयास उन्नत लोकतान्त्रिक प्रणालीप्रतिको अटल प्रतिबद्धताको प्रमाण हो ।

यस प्रतिवेदनमा प्रतिनिधि-सभा सदस्यको रूपमा मैले खेलेका भूमिकाहरू साथै अर्थ-समितिमा रहेर उठाएर मुद्दाहरू समावेश छन् । साथै, संसद बाहिर सार्वजनिक सरोकारका सवालमा गरिएका प्रयासहरू विशेषगरी क्षेत्रगत गतिविधिहरू, सञ्चार-माध्यमहरू मार्फत राखिएका विचारहरू र हाम्रो पार्टी- राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट सहभागी भएका कार्यक्रमहरू पनि समेटेको छु । सिमितता र चुनौतीका बाबजुत एउटा सांसदले खेल्न सक्ने भूमिकाप्रति कति न्याय गर्न सकें-सकिनँ त्यो तपाईहरूले पक्कै पनि मूल्याङ्कन गर्नुहुनेछ भन्ने आशा लिएको छु । तथापि हाम्रो उत्कृष्टताको खोजीमा हामी तपाईँलाई हाम्रो साझेदार भइदिन आमन्त्रित गर्दछौँ । तपाईँहरूको सुझाव र खबरदारी हाम्रो लागि सधैं अमूल्य हुनेछ । विभिन्न काल-खण्डमा विगतदेखि वर्तमानसम्म साथ दिनुहुने तथा पार्टी र संसदीय यात्रामा सहयोग गर्नुहुने तपाईहरू सम्पूर्णप्रति हार्दिक नमन ।

हार्दिक कृतज्ञतासहित,

**बिराजभक्त श्रेष्ठ**
सदस्य, प्रतिनिधि सभा
उपनेता, संसदीय दल, रास्वपा

# प्रतिवेदनको सारांश

यस वार्षिक प्रतिवेदनमा माननीय बिराजभक्त श्रेष्ठले प्रतिनिधिसभामा जनप्रतिनिधिको रूपमा निर्वाचित भएपछि मिति २०७९/०८/०९देखि २०८०/०७/१६ सम्म संसदभित्र र बाहिर खेल्नु भएका भूमिकाहरूलाई जतिसक्दो सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । विस्तृतमा अध्ययन गर्न चाहनु हुनेहरूका निम्ति प्रतिवेदनको अन्त्यतिर अनुसूचीमा लिंकहरू समावेश गरिएका छन् ।

विशेषतः प्रतिवेदनमा संसदीय भूमिकालाई प्राथमिकता दिइएको छ । प्रतिनिधि-सभाका वैठकमा उठाएका विषयहरू, विधेयक संशोधन प्रस्ताव र संकल्प प्रस्तावका साथै अर्थ-समितिमा गरिएका छलफलहरू समेटिएका छन् । त्यसैगरी सोही अवधिमा निर्वाचन क्षेत्रका गतिविधिहरू, पार्टीगत सहभागिता, संचार-माध्यममा प्रस्तुतिहरू र विविध कार्यक्रमहरूमा गरिएको अन्तरक्रिया तथा क्रियाकलापहरू संलग्न गरिएका छन् ।

लोकतन्त्रमा जनता सार्वभौम हुन्छन । जनताको अमूल्य मतको कदर गर्दै जनताप्रति जनप्रतिनिधिहरूले पारदर्शिता, जवाफदेहिता र सार्वजनिक उत्तरदायित्व प्रस्तुत गर्ने प्रयासको रूपमा नियमित वार्षिक प्रतिवेदन सार्वजनिक गरिएको हो । अनेक सीमितताका बाबजुद एक जिम्मेवार सांसदले नीतिगत र व्यवहारिक रूपमा के-कस्ता सकारात्मक प्रभावहरू पार्न सक्दो रहेछ र अझ प्रभावकारी भूमिका खेल्न कस्तो वातावरण आवश्यक पर्दछ त्यसलाई पनि प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

समग्रमा, एक प्रतिनिधि सभा सदस्यको सार्वजनिक सरोकारका विषयमा गरिएका वर्ष भरिका अभ्यासहरूलाई एकीकृत रूपमा सङ्ग्रहित गरी आफ्ना मतदाता र आम जनतामा पारदर्शी रूपमा जस्ताको त्यस्तै उपलब्ध गराइएको छ । वार्षिक प्रतिवेदनको अभ्यासले एकातिर नागरिकको सूचनाको हकको कदर गर्दछ भने अर्कातिर विकसित-लोकतान्त्रिक देशहरूमा जस्तै- संसदले मात्रै होईन सांसदहरूलाई पनि संस्थागत अभ्यास गर्न-गराउन प्रेरित गर्दछ ।



प्रतिनिधि सभा सदस्य
मानवीय बिराजभक्त श्रेष्ठको
**वार्षिक कार्यप्रगति प्रतिवेदन (२०७९/०८०)**
संघीय संसदमा पहिलो वर्ष


# पृष्ठभूमि


देशको मूल कानुन संविधानको धारा २ मा “नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको र यसको प्रयोग यस संविधानमा व्यवस्था भए बमोजिम हुनेछ” भन्ने उल्लेख भएको र आवधिक निर्वाचनमा मताधिकारको प्रयोगबाट नेपाली जनताले आफ्नो सार्वभौम अधिकार प्रयोग गरी जनप्रतिनिधिहरू चुनेर पठाउने र तीनै जनप्रतिनिधिहरूले संसदमा जनतामा निहित सार्वभौम अधिकारको प्रयोग गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सञ्चालनबाट दिगो शान्ति सुशासन र समृद्धिको अभिष्ट पूरा गर्ने लक्ष्यसहितको शासन व्यवस्थामा जनप्रतिनिधिको माध्यमबाट सांसदहरूले खेल्ने र खेल्न सक्ने बहुआयामिक भूमिकालाई आत्मसात गरी एउटा जिम्मेवार निर्वाचित जनप्रतिनिधिको हैसियतले आम मतदाता र जनसाधारणको सूचनाको हकको कदर स्वरूप देहाय बमोजिमको वार्षिक गतिविधिहरू समेटिएको यो प्रतिवेदन सार्वजनिक गरिएको छ ।

# सदनमा

## सदनमा उठाएका विषय

- विद्यालयमा राजनीतिक गतिविधि बन्द गर्ने माग,
- खाद्य स्वस्छता तथा गुणस्तर विधेयक, २०७८ माथि सैद्धान्तिक छलफलमा भाग लिएको,
- विश्व सम्पदा सूचिमा सूचिकृत स्वयम्भूको सुरक्षाको लागि प्रहरी चौकीको माग गरेको,
- सार्वजनिक सेवा प्रशारण विधेयकमाथि सैद्धान्तिक छलफलमा भाग लिएको,
- अभिलेख संरक्षण, २०७८ (पहिलो संशोधन) विधेयक माथि सैद्धान्तिक छलफलमा भाग लिएको,
- प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन २०७९ माथिको सैद्धान्तिक छलफलमा भाग लिएको,
- नीतिगत भ्रष्टाचार संस्थागत भइरहेको बारे सदनमा आवाज उठाएको,
- सिक्रीमा बाँधेको संरक्षित लोपोन्मुख हात्तिको निर्मम ढंगबाट २ टुक्रा हुने गरी सुँढ काटेको विषय उठाएको,





'गोप्य मस्यौदा चलिरहेको शिक्षा विधेयक हाउसमा दर्ता हुनुअगावै बाहिर यत्राविधि खलबल मच्चिनुले 'हावा नचली पात हल्लिएन होला' भनेर बुझ्नुपर्ने अवस्था आइपरेको छ।' #himalpress Biraj Bhakta Shrestha



HIMALPRESS.COM

**रास्वपा उपनेता श्रेष्ठको टिप्पणी : प्रकरणैप्रकरणमा थापियो 'शिक्षा विधेयक प्रकरण'**

काठमाडौँ- राष्ट्रिय स्वतन्त्र पार्टी संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठले सबै प्रकरणमा शिक्षा विधेयकसम्बन्.....

- मन्दिरको मूर्ति चोरी भएको सम्बन्धमा जानकारी माग गरेको,
- वार्षिक नीति तथा कार्यक्रमको छलफलमा भाग लिएको,
- उपत्यकाको संस्कृति, सम्पदा, धर्म र संस्कारका बारेमा आवाज उठाएको,
- अनुगमन तथा मूल्याङ्कन गर्न बनेको विधेयक उपरको सैद्धान्तिक छलफलमा भाग लिएको,
- उपत्यका विकास प्राधिकरण खारेजीको माग गरेको,
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफलमा भाग लिएको,
- भ्रष्टाचार निवारण विधेयक, २०७७ (पहिलो संशोधन) माथि सैद्धान्तिक छलफलमा भाग लिएको,
- कुनैपनि मन्त्रिपरिषद्को सदस्य सदनमा उपस्थित नभएको सम्बन्धमा ध्यानाकर्षण गराएको,
- गोंगबुमा भएको लुटपाटको विषयलाई सरकारको ध्यानाकर्षण गराएको,
- प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन उपर छलफलमा भाग लिएको,
- अभिलेख संरक्षण विधेयकको, सैद्धान्तिक छलफलमा भाग लिएको,
- सार्वजनिक सेवा प्रशारण विधेयकको,सैद्धान्तिक छलफलमा भाग लिएको,
- ग्रेटर नेपालको नक्सा सांस्कृतिक रूपमा नेपालको संसदमा राख्न माग गरेको,
- आर्थिक वर्ष २०८०/०८१ को विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता सम्बन्धी छलफलमा भाग लिएको,











- आर्थिक वर्षको अन्त्यमा मात्र हुने गरेको खर्चबारे संसदको ध्यानाकर्षण गराएको,
- केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८० उपर छलफलमा भाग लिएको,
- नेपाल विश्वविद्यालय विधेयकको, सैद्धान्तिक छलफलमा भाग लिएको,
- कुटनैतिक नोट मार्फत छिमेकी राष्ट्रलाई नेपाली भूभाग नेपालको नक्सामा राख्न पहल गर्ने बारे सरकारलाई ध्यानाकर्षण गराएको ।

# अर्थ समितिमा उठाएका विषय




१. बन्द रहेको बेलौरी भन्सार खोल्ने विषयमा सरकारको ध्यानाकर्षण गराएको,

२. पुँजीबजार सम्बर्द्धन र प्रवर्द्धको विषयमा छलफल कार्यक्रममा भाग लिएको,

३. मौद्रिक नीति २०८०/०८१ उपरको छलफलमा भाग लिएको तथा सुझावहरू प्रस्तुत गरेको,

४. प्लाष्टिक बोटल हटाउने विषयमा आफ्नो धारणा राखेको,

५. अर्थ समितिमा सांसदलाई आफ्नो धारणा राख्नमा रोक लगाउन नहुने विषयमा समितिका सभापतिको ध्यानाकर्षण गराएको ।






# विधेयक संशोधनको प्रस्ताव

विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० मा संशोधन प्रस्ताव पेश गरेको ।

## विधेयकमा संशोधनको सूचना

(प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्वन्धित)

श्री सचिव,
प्रतिनिधि सभा, नेपाल ।

म/हामी प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११३(१) मा उल्लिखित शर्तको अधीनमा रही नियम ११२ बमोजिम देहायको विधेयकमा निम्न बमोजिम संशोधनको सूचना पेश गर्न चाहन्छु/चाहन्छौं :

**विधेयकको नामः विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक**

| क्र.स. | विधेयकको | | | | संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|
| | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | परिच्छेद २ दफा ७ | - | - | - | मातृभाषामा शिक्षा सुनिश्चित गर्न "मातृभाषा शिक्षा" थप्नु पर्ने |
| २. | परिच्छेद २ दफा ८ | (२) | (ग) | - | "नेपाली वा" हटाउने ।"नेपाली भाषा" पनि नेपाली जन समुदायका मातृभाषा भएकोले उल्लेख गर्न नपर्ने । |
| ३. | परिच्छेद २ दफा ८ | (२) | (घ) | - | ("खण्ड घ" थप्नु पर्ने - २०७२ सालमा जारी भएको 'नेपालको संविधान' को भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत दफा ३२मा भाषा तथा संस्कृतिको हक को (१) मा "प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ" लाई प्रत्याभूत गर्न र मातृभाषा शिक्षा लिने र परीक्षा दिन पाउने हक सुनिश्चित गर्न) |
| ४. | परिच्छेद ३ दफा २४ | - | (क) | - | ("र भाषागत" थप्नु पर्ने - विद्यालय तहमा अध्यापन गराउँदा अन्य विषयका साथमा "मातृभाषा विषयको" पनि पहिचान गर्न) |
| ५. | परिच्छेद १३ दफा १४० | (२) | (ज) | - | (संघीय नेपालको विभिन्न प्रदेशका सरकारी कामकाजको भाषा निर्धारण हुँदा उक्त विषय विद्यालय शिक्षामा पनि प्रत्याभूति गर्न "खण्ड ज" थप्नु पर्ने) |
| ६. | परिच्छेद १३ दफा १४० | (३) | (ङ) | - | (२०७२ सालमा जारी भएको "नेपालको संविधान" को भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत दफा ३२मा भाषा तथा संस्कृतिको हक को (३) मा "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, ■ संवर्धन र संरक्षण गर्ने हक हुनेछ" भनिएकोलाई प्रत्याभूत गर्न "भाषा, लिपि" थप्नुपर्ने" |

(१) नाम,थरः बिराज भक्त श्रेष्ठ दस्तखतः [signature] क्र. स. २१४ मितिः २०८०/०६/२२

## संकल्प प्रस्ताव

डेंगु रोग एक प्रकारको भाइरल इन्फेक्सन भएको र लामखुट्टेको माध्यमबाट यो एक मानिसबाट अर्को मानिसमा सर्ने हुनाले यसले महामारीको रूप लिएको खण्डमा जनधनको अपूरणीय क्षति हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी वर्षायाम सुरू हुनु अगावै यसको प्रभावकारी रोकथाम प्रतिकार्य र उपचार व्यवस्थाका लागि संसदमा गम्भीर रूपले छलफल गरी नेपाल सरकारलाई निर्देशन दिइयोस् भनी संकल्पको प्रस्ताव दर्ता गरेको ।

मिति:२०८०/०२/२१

कार्यव्यवस्था
प्रतिनिधि सभा
दर्ता नं.: ०४
मिति: २०८०।२।२१
समय: ११:४०

श्री सचिवज्यू,
प्रतिनिधि सभा,
संघीय संसद सचिवालय ।

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ७९ बमोजिमको संकल्प प्रस्ताव पेश गर्न अनुमतिको लागि सूचना दिएको छु ।

**पृष्ठभूमि:**

नेपालको संविधानले मौलिक हक.अन्तर्गत धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गरेको छ । बाँच्नको लागि पल-पलमा श्वास फेर्न स्वच्छ र स्वस्थ हावा प्राथमिक आवश्यकतामा पर्ने हुनाले धारा ३० मा प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरिएको छ भने धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित गरिन छैन भनी उल्लेख भएको छ । स्वास्थ्य र उपचारका सम्बन्धमा जानकारी राख्ने र पाउने कुराहरुका अतिरिक्त स्वास्थ्य सेवामा नागरिक पहुँचको कुरालाई पनि मौलिक हक अन्तर्गत समेटिएको छ ।

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ ले प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने र आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकारको सुनिश्चितता प्रदान गरेको छ । सरुवा रोग नियन्त्रणका लागी आवश्यक प्रबन्ध मिलाउने, खोप सेवाको व्यवस्था गर्ने र स्वास्थ्य उपचार सम्बन्धि नागरिक चेतना, विषेशज्ञ सेवा लगायत अन्य प्रवर्धनात्मक सेवा उपलब्ध गराउनु राज्यको जिम्मेवारी हुने कुरालाई नागरिकप्रति सरकारको कानूनी दायित्वको रुपमा स्वीकार गरेको छ।सम्मानित सर्वोच्च अदालतले अधिवक्ता कमल निअल विरुद्ध नेपाल सरकार (नै.का.प २०६८, निर्णय नं. ८६४७) "स्वास्थ्य सेवा पाउने हकको सार्थक उपलब्धिको लागि स्वास्थ्य सेवाको सबभन्दा तल्लो स्तरमा रहेको जिल्ला अस्पताल वा स्वास्थ्य चौकी किन नहोस मौसमअनुसार हुने रोग वा अकस्मात देखा पर्ने Epidemic प्रकारको जुनसुकै रोगबाट पनि नागरिकले उपचारको अभावमा Right to Life को हकबाट बन्चित नहुन स्वास्थ्योपचार सम्बन्धी औषधिलगायत सरकारले अन्य आवश्यक व्यवस्था गरी सम्भावित जुनसुकै प्रकारको Epidemic लाई Cope गर्न सरकार सदा तयारी हालतमा रहन पर्छ । यस्तो संवैधानिक कर्तव्यबाट सरकार पन्छिन नसक्ने" भनी कानूनी सिद्धान्त प्रतिपादन गरेको कुरा स्मरण गराउन चाहान्छु ।

यसपाली पनि देशभर वर्षायाम सुरुहुनु अगावै जेठको पहिलो हप्ता देखि नै सुरु भएको "प्रि-मनसुन" ले हामी सबैलाई झस्काएको छ । सम्भावित महामारीपूर्व नै सावधानी अपनाउनको लागि संकेत गरेको छ । प्रकृतिको यस प्रकारको संकेतलाई समयमै महसुश गरेर स्वास्थ्य सावधानीका उपयाहरुको अवलम्बन गर्न सकेको खण्डमा अवश्यपनि सम्भावित जनधनको क्षतीलाई न्यूनीकरण गर्न सकिने छ ।

लामखुट्टेको टोकाइको माध्यमबाट मानिसबाट मानिसमा सर्ने "डेंगू" नामक सरुवा रोगलाई "ब्रेक-बोन-ज्वर" पनि भन्ने गरिएको छ । यो रोगबाट प्रत्येक वर्ष विश्वका दश करोड देखि चालीस करोड मानिसहरु संक्रमित हुने, विश्वका करिब आधा जनसंख्या यस रोगको महामारीको जोखिममा रहेका र यो जोखिमको ७० प्रतिशत अंश एसिया महादेशले वहन गरिरहेको कुरलाई विश्व स्वास्थ्य संगठनले प्रक्षेपण गरेको अवस्था छ ।

नेपालमा गत वर्षको जनवरी देखि सेप्टेम्बरसम्मको "रिपोर्टेड केस" को सरकारी तथ्यांक हेर्दा ७७ ै जिल्लामा गरी करिब २८१०९ जनामा यो संक्रमण देखिएको थियो । कुल संक्रमितहरुमध्ये ३८ जनाको मृत्यु भएको थियो। सबैभन्दा बढी संक्रमण र मृत्यु बागमती प्रदेश र काठमाडौ जिल्लामा भएको देखिन्छ । तसर्थ यस विषयमा सदनमा गम्भीर बहस हुन आवश्यक छ । यो सरुवा रोगको नियन्त्रण, रोकथाम, उपचार लगायत पूर्वसावधानीको समयमै तयारी एवं पहल गर्न सरकारलाई जिम्मेवार एवं उत्तरदायी बनाउनको लागि संसदबाट निर्देशन जारी हुन आवश्यक देखिएको छ ।

तसर्थ यस विषयमा गरिमामय संसदमा विषेश छलफल हुन र नेपाल सरकारलाई आवश्यक निर्देशन दिने प्रयोजनका लागी यो संकल्प प्रस्ताव प्रस्तुत गरेको छु ।

**सङ्कल्प प्रस्ताव पेश गर्नुपर्नाको कारण र औचित्य:**

(१) डेंगू रोगले महामारीको रुप लिन सक्ने प्रबल सम्भावना रहेको ।

(२) विश्व स्वास्थ्य संगठनले नेपाललाई यो रोगको जोखिमयुक्त मुलुकको सूचीमा राखेको ।

(३) यो रोगको लागी खासै प्रभावकारी (स्पेसिफिक) औषधी हालसम्म पत्ता लागी नसकेको ।

(४) विगतका "कोरोना" लगायतका महामारीले बेलैमा तयारीको लागी पाठ सिकाएको ।

(५) रोगसंग जुध्नु भन्दा रोगको कारणलाई निवारण गर्नु उपयुक्त एवं प्रभावकारी हुने देखिएको ।

**सङ्कल्प गर्नुपर्ने व्यहोरा:**

डेंगू रोगको प्रकृति अनुसार यो एक प्रकारको भाइरल इन्फेक्सन भएको, लामखुट्टेको माध्यमबाट यो एक मानिसबाट अर्को मानिसमा सर्ने भएको र यसले महामारीको रुप लिएको खण्डमा जनधनको अपूरणीय क्षती हुन सक्ने सम्भावनालाई यस वर्षको वर्षायाम सुरु हुनु अगावै यसको प्रभावकारी रोकथाम, प्रतिकार्य र उपचार व्यवस्थाका लागी संसदमा गम्भीर रुपले छलफल गरी नेपाल सरकारलाई निर्देशन दिने ।

**निर्देशन गर्नुपर्ने विषयहरु:**

(१) डेंगू रोगको विषयमा ब्यापक जनचेतना जगाउनको लागी प्रभावकारी कार्यक्रमहरु संचालन गर्ने ।

(२) रोग सार्ने लामखुट्टे नियन्त्रण कार्यको लागि जनस्वास्थ्य निरीक्षकहरुलाई देशभर परिचालन गर्ने ।

(३) बर्षायाम सुरुहुनु अगावै महामारी रोकथाम एवं प्रतिकार्यको लागी आवश्यक तयारी गर्ने ।

(४) गरीब विपन्न र पिछडिएको समुदाय लक्षीत विशेष कार्यक्रमहरु सन्चालन गर्ने ।

(५) रोग नियन्त्रणमा स्थानीय तहहरुलाई उनीहरुको उत्तरदायित्व र जिम्मेवारी बोध गराउने ।

(६) निजी क्षेत्रको "कर्पोरेट सोसियल रेस्पोन्सिबिलिटि" अन्तर्गत र अन्य संघसंस्थाहरुको साधन, स्रोत र क्षमताको अत्यधिक परिचालन गर्ने ।

(७) उपचारको लागि विद्यमान अस्पतालहरुको क्षमता वृद्धि गर्ने ।

सम्बन्धित मन्त्रालय: स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

हस्ताक्षर: ........
नाम, थर: विराजभक्त श्रेष्ठ
क्रम संख्या: २१४
मिति: २०८०।०२।२१

# सञ्चार माध्यममा सहभागिता




नीति परिवर्तन गर्न म सांसद ।
*एपी वान टिभी, २०७९ कार्तिक २०*




मतदातालाई सम्मान गर्ने बिराज ।
*नागरिक न्यूज, २०७९ मङ्सिर ०९*




राष्ट्रिय स्वतन्त्र पार्टीप्रतिको जनविश्वासलाई कसरी जोगाउनु हुन्छ ?
*हिमालयन टेलिभिजन, २०७९ मङ्सिर ९*




राष्ट्रिय स्वतन्त्र पार्टीको उदय ।
*कान्तिपुर टेलिभिजन*
*२०७९ मङ्सिर १२*




वाम लोकतान्त्रिक गठबन्धन त हुँदो रहेछ स्वतन्त्र पार्टीले आवश्यकता अनुसार कसैसँग गर्न सक्छ ।
*योहो टिभी, २०७९ पुस २४*




राष्ट्रिय स्वतन्त्र पार्टी जीवनको अहिले सम्मको समीक्षा ।
*न्यूज ट्वान्टिफोर टि.भि., २०७९ फागुन ३*




उपनिर्वाचनमार्फत जनताले दिएका ६ सन्देश ।
*हिमाल प्रेस, २०८० वैशाख १३*




नीति नियममा काम गर्नेलाई नेपालमा गाह्रो छ ।
*नेपाल दृश्य, २०८० असोज १३*




मान्छेको मन जित्यो भने बन्दुक बोक्न नपर्ने रैछ ।
*शिलापत्र, २०८०, मंसिर ७ ।*

# पार्टीगत गतिविधि





- प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रमका लागि सुदूरपश्चिम प्रदेशमा सहभागीता,
- पार्टी संगठन निर्माणको क्रममा डडेलधुरा, बैतडी, कञ्चनपुर, कैलाली, नवलपरासी, रूपन्देही, अर्घाखाँची, गुल्मी, पाल्पा, झापा, नुवाकोट जिल्लाहरूको भ्रमण,
- संसदीय दल र केन्द्रीय समितिको संयुक्त बैठकहरूमा सक्रिय सहभागी,
- नीति तथा विचार कार्यशाला गोष्ठी सहभागी, चितवनमा,
- बारा, चितवन र तनहुँको उपनिर्वाचनको सिलसिलामा पटकपटक जिल्ला भ्रमण गरी सदस्य प्रशिक्षण एवं घरदैलोमा कार्यक्रममा सहभागिता ।

# निर्वाचन क्षेत्रगत गतिविधिहरू

- काठमाडौं क्षेत्र नं. ८ प्रतिनिधि समन्वय समिति गठन,
- का.म.पा. १५, लिंकरोड, करिडोरमा हरियाली पार्क संरक्षणका लागि पर्खालको निर्माण कार्य भइरहेको,
- सम्पदा मार्ग प्रवर्द्धन तथा सम्बर्द्धन कार्यक्रम सञ्चालन,
- पौराणिक सम्पदा क्षेत्रको विकास कार्यक्रम सञ्चालन
- मूर्त तथा अमूर्त सम्पदा संरक्षण तथा प्रबर्द्धन कार्यक्रम ।





- का.म.पा. १३ र १५ वडा जोड्ने सिमाना मार्ग नेपाली सेनासँग समन्वय गरी बाटो विस्तार हुनुका साथै एक नमूना बाटोको रूपमा विकास भइरहेको,
- चागलमा वर्षौंदेखि डुबान भइरहेकोमा हाल सो समस्या समाधान गर्न ढल तथा मंगालको व्यवस्था भइरहेको,
- क्षेत्रका विभिन्न टोलहरूका संघ संस्थाहरूको आयोजनामा त्यहाँका समस्याबारे जानकारी, छलफल समधानको प्रयास भइरहेको,
- का. म. पा.१५ स्थित छाउनीमा वर्षौंदेखि खानेपानी नआएको ठाउँहरूमा खानेपानी पाइप बिछ्याई खानेपानी ल्याउने कार्यमा पहल गरेको ।

- छाउनीस्थित सिमाना मार्ग बाटो विस्तारका साथै बाटो पुनर्निर्माणका लागि पहल गरी कार्य भइरहेको,
- डल्लु आवास छेउको राजा बिरेन्द्र मार्ग बाटो पुनः निर्माणका लागि पहल गरी निर्माण कार्य भइरहेको,
- का.म.पा. १५ स्थित विष्णुमती करिडोरमा हरियाली पार्कमा चिल्ड्रेन पार्क योजनालाई अगाडि बढाएको र उक्त पार्कमा निर्माण कार्य सम्पन्न भएको छ,
- का.म.पा.१३ स्थित किचंगु मार्ग बाटो पुनः निर्माण कार्य भइरहेको,
- का.म.पा. १५ स्थित विजेश्वरीमा ब्लक विछ्याउने तथा वाल लगाउने कार्य भएको,
- का.म.पा १३ स्थित गाइबाच्छा पाटीको बाटो पुनः निर्माण कार्य सम्पन्न भएको छ ।



# छलफल अन्तर्क्रिया तथा सहभागी कार्यक्रम



- पुरातत्व विभागका महानिर्देशक, योजना प्रमुख तथा अन्य अधिकारीसँग विश्व सम्पदामा सूचीकृत वसन्तपुर दरबार र अन्य सम्पदाहरूको संरक्षण, पुनः निर्माणको विषयमा छलफल ।
- बागमती प्रदेशका मुख्य मन्त्रीसँग प्रदेशमा रहेका विपन्न, पिछडिएका र अल्पसंख्यक चेपाङ समुदायको वातावरणीय सामाजिक उद्यमशीलता मार्फत आर्थिक र सामाजिक उत्थानका लागि पहल ।
- लागूऔषध दुरूपयोग तथा अवैद्य ओसारपसारबारेमा छलफल / अन्तरक्रिया कार्यक्रममा भाग लिएको ।
- नेपालको अर्थतन्त्रमा गाजा वैधानिकताको सम्भावना र फाइदाका बारेमा बहस चलाएको ।
- नागार्जुन ५ स्थित आदेशवर महादेवको मन्दिर एवं पार्टी पौवा संरक्षणका बारेमा साइट भिजिट एवं स्थानीयहरूसँग छलफल ।
- नागार्जुन ५ स्थित फुलबारी टोलको समस्याहरूका बारेमा स्थानीय समुदायसँग छलफल ।
- हरिसिद्धिमा युवाहरूको भेलामा सहभागी भई उनीहरूको समस्या एवं मागका बारेमा छलफल कार्यक्रम सम्पन्न गरेको ।






# विविध कार्यक्रम/गतिविधिका झलक





अब आफै गरौँ अभियानद्वारा स्वयम्भूमा वृक्षारोपण कार्यक्रमको अवसरमा आयोजित औपचारिक सांस्कृतिक कार्यक्रममा सहभागिता ।





यँ या (इन्द्रजात्रा) बेला राज्यद्वारा आयोजित औपचारिक सांस्कृतिक कार्यक्रममा सहभागी ।



सम्पदा संरक्षण समाज नेपाल संस्थाको संरक्षकको जिम्मेवारी प्राप्त गर्दै ।



संघीय सांसद माननीय डाक्टर चन्दा कार्कीसँग काठमाडौँ क्षेत्र नम्बर ८ को स्वास्थ्य अभियानसम्बन्धी नेपालको समग्र स्वास्थ्य नीति संघीय अभ्यास र राजनैतिक विषयमा छलफल ।



काठमाडौं क्षेत्र नं. ८ मा रहेका जीर्ण सडकहरू स्तरोन्नतिका लागि सडक विभागमा छलफल ।



एनसेलको बिक्रीले उजागर गरेको कुशासन र लगानी विकर्षणबारे नीतिगत समीक्षाको माग गरी अर्थ समितिमा संयुक्त पत्र दर्ता गरेको ।



काठमाडौं क्षेत्र नं. ८ को शान्ति सुरक्षाबारे महानगरीय परिषद्का प्रहरी प्रमुखसँग छलफल ।



विष्णुमती नदी सफाई र सौन्दर्यकरणका लागि आयोजनाका प्रमुख र अन्य अधिकारीहरूसँग छलफल ।





नेपाल हस्तकला महासङ्घद्वारा आयोजित २०औँ हस्तकला व्यापार मेला तथा १८औं हस्तकला प्रतियोगितामा सहभागिता ।




"Youth and emerging global challenges" विषयमा उदयीमान युवाहरूसँग अन्तरक्रिया कार्यक्रममा सहभागिता ।







कामपा १३ र १५ वडा, सिमाना मार्गको बाटो विस्तारका साथै अति जीर्ण अवस्थामा रहेको सडक स्तरोन्नती तथा व्यवस्थापनका लागि सचिवालयबाट छलफलमा सहभागी ।




महाविष्णु मंदिर, डल्लु पुनर्निर्माणको निरीक्षण ।




लखुतिर्थ हरियाली पार्क निर्माणको तयारी ।

# अन्त्यमा

काठमाडौं-८ बाट संसदमा निर्वाचित भए पश्चात जनताका विविध अपेक्षाहरू रहे । त्यसमा जनप्रतिनिधिको रूपमा कतिपय विषयहरू अनुभूत नै हुनेगरी सम्बोधन भएका छन् । प्रतिनिधि उदाहरणका रूपमा ललितपुर चापागाउँ स्थित पुरातन मुर्ती चोरी भएकोमा स्थानीयहरूको सम्पदा सम्बन्धी चासो सम्बोधन गर्न मैले संसदमा आवाज उठाएपछि गृह मन्त्रालयले सम्बन्धित प्रसाशनलाई कारवाही आगाडि बढाउन निर्देशन दिएको थियो । त्यसैगरी स्वयम्भू क्षेत्रका स्थानीयले सुरक्षामा समस्या आएको गुनासो गरेपछि उक्त क्षेत्रको जनप्रतिनिधिको रूपमा गृहसँग समन्वय गरेपश्चात गृहप्रशासनले ६ जना प्रहरी आवासीय रूपमा खटाउने व्यवस्था गरेको छ । झण्डै दुई दशकदेखी समस्यारत वडा १३ र वडा १५ जोड्ने बाटो स्थानीयबासी, रक्षा मन्त्रालय र नेपाली सेनासँगको समन्वयमा खुलाईएको छ । हाल उक्त बाटोमा स्थानीय तहले सहजीकरण गरिरहेको छ ।

तीनै तह सरकारहरूको समन्वयमा अझै पनि केही प्रक्रियागत चुनौतीहरू रहेका छन् । जस्तै, स्थानीय तहले प्रदेश र संघीय सरकारले उपलब्ध गराएको योजना तथा कार्यक्रम पूर्ण रूपमा लागू गर्न सकेको छैन । त्यसैगरी, स्थानीय सरोकार र कार्यक्रमका लागि अन्य तहका सरकारले पनि उचित समन्वय गर्न नसकेको देखिन्छ । यदाकदा स्थानीयबासीहरूमा अझै पनि कतिपय विषयमा सचेतनाको कमी महसुस गरेको छु । कहिलेकाँही मेरो सचिवालयमा समेत विकास-निर्माणका योजना/कार्यक्रम/बजेटका लागि अनुरोध गर्नुहुन्छ । यसमा हामीले उहाँहरूलाई विधमान व्यवस्था/प्रावधानहरूको बारेमा जानकारी दिने गरेका छौं । तिनै तहको सरकारहरूको बिचमा प्रभावकारी समन्वय संयन्त्रको आवस्यकता महसुस गरेको छु । साथै, जनप्रतिनिधिहरूको प्रभावकारी भूमिकाका लागि स्रोत साधनको पनि कमी रहेको छ ।

विनितः


**मा. बिराजभक्त श्रेष्ठ**

# अनुसूची

## संसदमा

- प्रतिनिधि सभा बैठक, २०८० असार ३१ गते, आइतबार (दोस्रो बैठक) / नेपाल विश्वविद्यालय विधेयक, २०८० माथी छलफल
  https://hr.parliament.gov.np/np/video/16300
- प्रतिनिधि सभा बैठक, २०८० असार १७ गते, आइतबार (दोस्रो) / मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि छलफल
  https://hr.parliament.gov.np/np/video/16065
- प्रतिनिधि सभा बैठक, २०८० असार ८ गते, शुक्रबार (दोस्रो)
  https://hr.parliament.gov.np/np/video/15882
- प्रतिनिधि सभा बैठक, २०८० जेठ २३ गते, मंगलबार बिहान ११:०० बजे / राजश्व र व्ययको वार्षिक अनुमानमाथि छलफल
  https://hr.parliament.gov.np/np/video/15359
- प्रतिनिधि सभा बैठक, २०८० जेठ ९ गते, मंगलबार बिहान ११:०० बजे / नीति तथा कार्यक्रममाथि छलफल
  https://hr.parliament.gov.np/np/video/15174
- प्रतिनिधि सभा बैठक, २०८० बैशाख २६ गते, मंगलबार (दोस्रो)
  https://hr.parliament.gov.np/np/video/14858
- प्रतिनिधि सभा बैठक, २०८० बैशाख १२ गते, मङ्गबार दिनको १:०० बजे / भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७७ माथि छलफल
  https://hr.parliament.gov.np/np/video/14601
- प्रतिनिधि सभा बैठक, २०७९ चैत २७ गते, सोमबार दिनको १ :०० बजे / सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८ माथिको छलफल
  https://hr.parliament.gov.np/np/video/14414
- प्रतिनिधि सभा बैठक, २०७९ चैत २४ गते, शुक्रबार दिनको १ :०० बजे / अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७८ माथिको छलफल
  https://hr.parliament.gov.np/np/video/14352
- प्रतिनिधि सभा बैठक, २०७९ चैत १९ गते, आइतबार दिनको १ :०० बजे / प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवदेन, २०७९ माथिको दफावार छलफल
- प्रतिनिधि सभा बैठक, २०७९ चैत १५ गते, बुधबार दिनको १ :०० बजे / मा. बिराज भक्त श्रेष्ठ
  https://hr.parliament.gov.np/np/video/14201
- प्रतिनिधि सभा बैठक, २०७९ चैत ५ गते, आइतबार दिनको १ :०० बजे / प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथि विचार
  https://hr.parliament.gov.np/np/video/14035
- प्रतिनिधि सभा बैठक, २०७९ फागुन १२ गते, शुक्रबार दिनको १ :०० बजे / अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७८ माथिको छलफल
  https://hr.parliament.gov.np/np/video/14008
- प्रतिनिधि सभा बैठक, २०७९ फागुन ३ गते, बुधबार बिहान ११ :०० बजे / राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७८ माथि छलफल
  https://hr.parliament.gov.np/np/video/13928

# काठमाडौं क्षेत्र नं. ८ को जनसांख्यिक विवरण




| काठमाडौं क्षेत्र न. ८ | पुरुष | महिला |
|---|---|---|
| नागार्जुन नगरपालिका वडा न.४ | 8816 | 8803 |
| नागार्जुन नगरपालिका वडा न.५ | 4865 | 5050 |
| का.म.न.पा वडा न.१३ | 19763 | 18676 |
| का.म.न.पा वडा न.१५ | 26323 | 26345 |
| का.म.न.पा वडा न.१९ | 4237 | 3540 |
| का.म.न.पा वडा न.२० | 4468 | 4048 |
| का.म.न.पा वडा न.२३ | 3105 | 2987 |
| का.म.न.पा वडा न.२४ | 2382 | 2147 |

स्रोत : तथ्यांक विभाग, नेपाल सरकार

# सल्लाहकार, विभागीय प्रमुख र प्रशिक्षार्थी


चिरञ्जीवी खनाल
कानूनी सल्लाहकार


निर्देश सिलवाल
राजनैतिक सल्लाहकार


रमेश पोखरेल
अर्थ सल्लाहकार


रवि तण्डुकार
स्थानीय मामिला सल्लाहकार


अंकिता शाह
समन्वय प्रमुख


अमर डंगोल
कार्यालय तथा जनसम्पर्क प्रमुख

# कानूनी प्रशिक्षार्थी


प्रकृति सिटौला


प्रभास भट्टराई


विधि पुडासैनी


पिर्यासि पौडेल


रचना भट्टराई


सेलिना अधिकारी

# माननीयज्यूसँग सामाजिक सञ्जालमा जोडिन

office of MP Biraj Bhakta Shrestha

*प्राकृतिक तथा साँस्कृतिक, सम्पदा हामी सबैको राष्ट्रिय पहिचान*

# प्रतिवेदनमा पहुँच

1) पहिलो प्रतिवेदन (२०७४-२०७५) (Click to read)



2) दोस्रो प्रतिवेदन (२०७५-२०७६) (Click to read)




3) प्रतिवेदन तेस्रो (२०७६-२०७७) (Click here)




4) चौथो प्रतिबेदन (२०७७-७८) (Click here)



## सचिवायलय सम्पर्क व्यक्तिहरू

| | |
|---|---|
| केयुरमान सिंह | मो. ९८५११४५०८८ |
| सविन महर्जन | मो.: ९८५१०५६३९९ |
| अमृत महर्जन | मो.: ९८४९००३७९० |
| मछिन्द्र खकुरेल | मो.: ९८५१११०६७३ |
| गोविन्द कोइराला | मो.: ९८४१३१७३९१ |
| रोशन महर्जन | मो.: ९८६०११२४८० |
| सञ्जिव महर्जन | मो.: ९८६१७१४७८८ |

सिमितता र चुनौतीका बाबजुद एउटा सांसदले खेल्न सक्ने भूमिका प्रति कति न्याय गर्न सके त्यो तपाईहरुले पक्कै पनि मूल्यांकन गर्नुहुनेछ भन्ने आशा लिएको छु।

“राजनीति भनेकै चरणवद्ध नैतिक द्विविधाहरुको श्रृङ्खला हो, विवेक राजनीतिज्ञको चेतना प्रगतिको लागि निर्णायक हुन्छ ।

*- मा. बिराजभक्त श्रेठ*”



प्रकाशक

**मा. बिराजभक्त श्रेष्ठको सचिवालय**

का.म.पा.-१३, ताहाचल, काठमाडौं, फोन नं. : ९८६७४३७६०८, ९८४१४१६७८९

ईमेल : office.birajbhakta@gmail.com

वेवसाइट : www.birajbhakta.com